आज मिति २०८१/११/२६ गते सोमबार निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको ७९ औं बैठक निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमाबसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. कर्मचारी श्री जिनीमाया सुनारी

१९. का.स. श्री लाल बहादुर खन्गाहा

**मिति २०८१। ११।२६ गते बसेको निस्दी गाउँपालिकाको ७९ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. सूचना प्रविधि अधिकृतको विज्ञापन सम्वन्धमा ।

३. भूमी आयोग संगको छलफल सम्वन्धमा ।

४. विविध ।

मुक्त बहादुर स
अध्यक्ष

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल
मिलाल, पाल्पा

०८१।११।२६
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८१।११।२६ गते बसेको निस्दी गाउँपालिकाको ७९ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो। प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको लागि संघिय सरकारबाट स्वीकृत अस्थाई दरबन्दी मा रिक्त रहेको सूचना प्रविधि अधिकृतको विज्ञापन गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो। साथै अमिन पदमा सिफारिस भएको कर्मचारीले स्वेच्छिक राजिनामा दिईएकोले बैकल्पिक सिफारिस प्रथम लाई करार सम्झौताको लागि सूचना गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँ कार्यपालिकाको टिम र पाल्पा जिल्लाको भूमी आयोग संग निस्दी गाउँपालिकाको भूमिहिन, दलित तथा सुकुम्वासी संग सम्वन्धित बिषयमा छलफल तथा अन्तरकृया गरियो।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो।

क) निस्दी गाउँपालिका मातहत रहेको ब्याकहो लोडरको मर्मत खर्च जगदम्बा कन्ट्रक्सन शोलुसन संगको रु २,११,१६२।५६ तथा रु ३,७३,४५३ (भ्याट बाहेक) र पोखरेल बिल्डर्स संगको मर्मत खर्च रु २,०६,०४९।८५ लगायतका सम्पूर्ण मर्मत खर्च अनुमोदन गरियो।

ख) अन्तर पालिका अनुभव आदान प्रदान कार्यक्रम संचालन गरि जनप्रतिनिधि कर्मचारी अवलोकनको लागि मिति २०८१/१२/०८ गते बाट ११ गते सम्म पोखरा, गोरखा तथा चितवन जाने तथा गाउँपालिका ,वडा कार्यालय र स्वास्थ्य संस्थाको सेवा प्रवाहमा असर नपर्ने गरि तयारी गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

ग) पालिका स्तरीय संरचना सुधार शिर्षक बाट संचालनमा रहेको गाउँपालिका भवन जाने सिंडी र रेलिङ मर्मत गर्ने र रुक्से भञ्ज्याङ्ग प्रहरी चौकीको गेट निर्माण गर्ने निर्णय गरियो।

घ) चालु आयोजना केम खाम्चा मार्ग स्तरोन्नती तथा ग्राभेल यस कार्यपालिका टिम बाट २०८१ चैत्र भित्र अनुगमन गर्ने निर्णय गरियो।

ङ) श्रम , रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय को च.नं १४८ मिति २०८१/११/२३ को प्राप्त पत्रानुसार यस गाउँपालिकामा सुरक्षित आप्रवासन कार्यक्रम संचालन गर्ने र उक्त कार्यको लागि मनोसामाजिक परामर्शकर्ता ( पाँचौ तह )नियुक्तिको लागि गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो। साथै उक्त कार्यको लागि आवश्यक बजेट साझेदारीको लागि प्रतिवद्दता सहितको पत्र सम्वन्धित निकायमा पठाउने निर्णय गरियो।

२०८१।११।२६
मदन अर्याल
प्रशासकीय अधिकृत

बहादुर
अध्यक्ष

च) निस्दी गाउँपालिकाको स्थापना दिवश २०८१/११/२७ गते भब्यताका साथ गाउँ कार्यपालिकाको कार्यालयमा मनाउने निर्णय गरियो।

छ ) निस्दी गाउँपालिका र वडा कार्यालयको लागि १ - १ वटा फिल्टर खरिद गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

ज ) निस्दी खोला पुल शिलान्यास गर्न लुम्विनी प्रदेश सरकारका भौतिक पुर्वाधार मन्त्री , स्वास्थ्य मन्त्री , प्रतिनिधि सभा सदस्य , प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख लगाएतका अतिथि लाई स्वागत गर्न र शिलान्यास गर्न लागेको खर्च अनुमोदन तथा भूक्तानी विविध खर्च शिर्षकबाट गर्ने निर्णय गरियो।

झ ) बिपद् शिर्षकबाट ६ लाख को ग्याविङ्ग जाली र ३ लाख बराबरको विपद् व्यवस्थापनको सामाग्री खरिद गर्ने निर्णय गरियो।

ञ) कृषि चुन वितरण गर्न माटो परिक्षण गरेको ८४ नमुनाको लागि ८४ बोरा र बाँकी रहेको ७६ बोरामा देहाय अनुसार बितरण गर्ने निर्णय गरियो।

| क्र स | वडा कार्यालय | चुन | कैफियत |
|---|---|---|---|
| १ | वाकामलाङ्ग | ८ | |
| २ | सहलकोट | १० | |
| ३ | झिरुवास | १० | |
| ४ | मित्याल | १० | |
| ५ | गल्धा | १६ | |
| ६ | अर्चले | १० | |
| ७ | ज्यामिरे | १२ | |

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

अध्यक्ष

ट) यस गाउँपालिकाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यन्वयनका लागि देहाय बमोजिमको प्रतिबद्धता गर्ने निर्णय गरियो ।

- ☐ स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने प्रतिबद्ध छ ।
- ☐ स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्बन गर्ने ।
- ☐ स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने प्रतिबद्ध छ ।
- ☐ वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा बिनियोजन गर्ने प्रतिबद्ध छ ।
- ☐ पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्ध छ।
- ☐ स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्न प्रतिबद्ध छ ।

मदिन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष